मिति २०७८/०७/२८ को आदर्श समाज पत्रिकामा प्रकाशित

नेपाल सरकार
कृषि तथा पशुपंक्षी विकास मन्त्रालय
# प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना
## परियोजना कार्यान्वयन इकाई
पोखरा, कास्की

मिति:२०७८/०७/२६

विषय: अलैची जोन कार्यक्रम माग तथा सुचिकृत सम्बन्धमा

आ.व.२०७८/७९ मा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन इकाई, कास्कीको अलैची जोन अन्तर्गत तपसीलका कार्यक्रमहरु संचालन गर्नुपर्ने भएकोले परियोजनाको कार्यक्षेत्रका व्यवसायिक अलैची खेती गर्ने इच्छुक कृषक समूह/सहकारी/संस्था/समिति र कृषि उद्यमीहरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र अर्थात (मिति २०७८ साल मंसिर २७ गते भित्र) यस कार्यान्वयन इकाईमा अनिवार्य रुपमा सुचिकृत भई सोहि अवधिभित्र (२०७८/०८/२७ गते सम्म) कार्यक्रम माग गर्नका लागि तोकिएको ढाँचा अनुसार निवेदन पेश गर्न सम्बन्धित सबैमा जानकारी गराइन्छ।

तपसिलः

१. अलैंची जोनको कार्यक्षेत्रः

| | |
|---|---|
| मादी गाउँपालिका | वडा नं १,२,३,८,१०,११ |
| अन्नपूर्ण गाउँपालिका | वडा नं १,३,४,७,१०,११ |
| माछापुच्छ्रे गाउँपालिकाका | वडा नं २,६,७,८,९ |
| पोखरा महा.न.पा. | वडा नं १६,१९ |

२. कार्यक्रमहरुः

| क्र.सं. | कार्यक्रमहरुको नाम | लक्ष्य | बजेट(रु लाखमा) |
|---|---|---|---|
| १ | सिंचाइ पुर्वाधार निर्माण तथा मर्मत सम्भार | ३ संख्या | १५ |
| २ | सहकारी संजाल मार्फत कृषि उपजको बजारीकरण सहयोग | १ पटक | १२ |
| ३ | जोन/सुपरजोन क्षेत्रमा कृषि यान्त्रीकरण सहयोग | १ पटक | ४० |
| ४ | गत बर्ष विस्तार भएका क्षेत्र र नया विस्तार हुने क्षेत्रमा सिंचाइ पुर्वाधार निर्माण | ३५ संख्या | ५२.५ |
| ५ | कृषि बजार, भण्डारण पुर्वाधार, प्रथामिक प्रशोधन वा प्रशोधन उधोग स्थापना | १ संख्या | १२ |
| ६ | सौर्य उर्जामा आधारित सिंचाई प्रणाली जडान | ४ संख्या | २४ |
| ७ | स्थानीय तहसँगको समन्वयमा नर्सरी श्रोत केन्द्र स्थापना/सुदृढीकरण | ४ संख्या | ८ |
| ८ | चक्लावन्दीमा पकेट/ब्लक/जोन संचालनको लागि सहकारी र निजी क्षेत्रबाट माँग संकलन, सम्भाव्यता अध्ययन र कार्यान्वयनमा सहयोग | ३ संख्या | ३० |
| ९ | प्रविधिक शिक्षालयको साझेदारीमा व्यवसायिक उत्पादन कार्यक्रम संचालन अनुदान | २ संख्या | १० |
| १० | भण्डारण , प्रथामिक प्रशोधन वा प्रशोधन उधोग स्थापना | ७ संख्या | ७.७ |
| ११ | जोन/सुपरजोन प्रभाव क्षेत्रमा क्षेत्रफल विस्तार (अलैची) | ५० संख्या | १२.४५ |

<u>निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु</u>

(१) रु १०को हुलाकको टिकट सहितको निवेदन

(२) सम्बन्धित निकायमा कृषि समूह/सहकारी/संस्था/समिति र कृषि फर्म दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि,स्थायी लेखा नं र कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि

(३) कार्यक्रम संचालन हुने स्थान (जग्गा/जमीन) को विवरण वा भाडाको जग्गा भएमा कम्तिमा ५ बर्षको सम्झौतानामा।

(४) निवेदकको नागरीकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि ।

... अधिकारी
... कृषि अधिकृत